# सात प्रदेशका १४ कृषकलाई, राष्ट्रपति बाट ‘राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार २०८२’ प्रदान





देशभरका १४ जना कृषक मध्य २ जना माछापालक कृषकलाई राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार वितरण गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा राष्ट्रपति भवन शितलनिवासमा आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पुरस्कार प्रदान गरिएको हो।

पुरस्कृत हुने कृषकहरुमा मधेस प्रदेशका भरत कुमार यादव(शम्भुनाथ माछा फर्म) र लुम्बिनी प्रदेशका सुवास कुर्मी(शान्ती उन्नत पशुपालन तथा माछा फर्म) रहेका थिए। पुरस्कृत कृषकलाई जनही दुई लाख रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले कृषि व्यवसायलाई प्राथमिकतामा राखी युवा केन्द्रित स्टार्टअप कार्यक्रमहरू सञ्चालन गरी युवा जनशक्तिलाई प्रोत्साहान गर्नुपर्ने उल्लेख गर्नु भएको थियो। उनले विदेशबाट फर्केका युवाहरूलाई उनीहरूले सिकेर आएको सीप प्रयोग गर्ने गरी कृषिमा आकर्षित गर्ने पनि वातावरणको निर्माणमा हाम्रा नीति निर्माता, सरकार र व्यावसायिक संस्थाहरूले विशेष ध्यान दिनुपर्ने धारण समेत राख्नु भयो। नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा स्वीकृत “राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१” अनुसार देशभरका ७ वटै प्रदेश मन्त्रालयबाट २/२ जना कृषकहरु समावेश गरिएको थियो ।

## कृषक स्तरीय १ दिने घुम्ती तालिम सम्पन्न

मत्स्य पालनका आधुनिक प्रविधिहरु कृषकमाझ पुर्याई मत्स्य उत्पादन तथा उत्पादकत्व बढाउने उद्धेश्यका साथ मत्स्य विकास केन्द्र, भण्डारा, चितवनले मिति २०८२/०२/२० गतेका दिन भरतपुर महानगरपालिकामा वडा नं.२५ मा कृषकस्तरीय १ दिने स्थलगत घुम्ती तालिम सम्पन्न भएको छ। उक्त तालिममा १२ जना महिला र ९ जना पुरुष गरी २१ जनाको सहभागिता रहेका थियो। तालिममा नेपालमा सिफारिस गरिएका माछाका जातहरु, मत्स्यपालनमा दाना तथा प्राकृतिक आहारा व्यवस्थापन,पानीको गुणस्तर र भुरा स्टकिङ्ग साईज र समय लगायतका विषयमा प्रशिक्षण दिईएको थियो।








# थाइल्याण्डबाट पंगासियस माछाको शुद्ध नश्ल आयात




खाद्य तथा पोषण सुरक्षा र रोजगारी श्रृजना मार्फत आम नेपालीको जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेलेको मत्स्य क्षेत्रमा पछिल्लो चरणमा थप एक उपलव्धी हासिल भएको छ। संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) नेपाल को प्राविधिक सहयोगमा नेपाल सरकार केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, वालाजु मार्फत संचालन भएको “Support to Sustainable Pangasius Production and Upgraded Value Chain (TCP/NEP/४००४)” विषयक परियोजना मार्फत थाइल्याण्डको Nam Sai International फार्मबाट उत्पादित ४ हजार संख्यामा पंगासियस माछा (*Pangasianodon hypophthalmus*) का शुद्ध नश्लका भावी माउहरू २०८१/०२/२४ गते नेपाल ल्याइ मत्स्य मानव संशाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरधाममा संरक्षण गरिएको छ। नेपालमा मत्स्य क्षेत्रको उत्पादकत्व वृद्धि गरेर आयात प्रतिस्थापन, मत्स्य उपज उपभोग वृद्धि तथा परिकार विविधिकरणमा सहयोग पुर्याउन यो क्रियाकलाप कोसेढुङ्गा हुने अपेक्षा गरिएको छ।

नेपालमा हाल पंगासियस माछाको माग बढ्दो क्रममा छ। भारत वाट वरफमा संरक्षित ताजा माछा र भियतनाम तथा थाईल्यान्डवाट पंगासियस वासा/फिलेट आयात हुने दर वढ्दो क्रममा रहेको छ तर नेपालमा पंगासियसको वीज तथा दानामा रहेको प्राविधिक समस्या, जातीय शुद्धता थाहा नभएको माउ प्रजननमा प्रयोग हुने जस्ता कारणवाट अन्य देशको तुलनामा नेपालमा पंगासियस माछाको उत्पादकत्व न्यून (भियतनाममा प्रतिहेक्टर करिव ४०० मे. टन. छ भने नेपालमा प्रतिहेक्टर करिव २५ मे. टन) रहेको छ। पंगासियस माछा भुराको न्यून वाच्ने दर, दाना व्यवस्थापनका तथा गुणस्तरीय माछा उत्पादनमा रहेका समस्या समाधान गर्ने उदेश्य सहित संचालनमा रहेको परियोजनाले पंगासियस माछा वीजको समस्या समाधान गरी उत्पादकत्व वृद्धि गर्न शुद्ध नश्लका पंगासियस भूरा आयात गरिएको हो। केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुका अनुसार मत्स्य मानव संशाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरधाममा रहेको पंगास माछा भुरा २०-२५ ग्रामको तौलमा पुगेपछि एक्स्त ट्याग गरी निजी पंगासियस ह्याचरी, संघीय तथा प्रादेशिक मत्स्य फार्महरूमा भावी माउको रुपमा वितरण गरिनेछ। यसवाट गुणस्तरीय भुराको उपलव्धता वृद्धि भई भारत र बंगलादेशबाट आयात गर्नुपर्ने अवस्था अन्त्य हुने अपेक्षा गरिएको छ।

## मत्स्यसँग सम्बन्धित नीतिगत एवं कानुनी व्यवस्था

### नीति
१. राष्ट्रिय मत्स्य विकास नीति, २०७९

### ऐन
१. जलचर संरक्षण ऐन, २०१७
२. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
३. दाना ऐन, २०३३
४. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९

### नियमावली
१. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६
२. जलचर (ठेक) नियम, २०१९
३. दाना पदार्थ नियमवाली, २०४१

### मापदण्ड
१. माछा भुरा बारे मापदण्ड, २०६१

# मत्स्य रोग तथा पानीको गुणस्तर व्यवस्थापन सम्बन्धी कृषक स्तरीय घुम्ती स्थलगत तालिम सम्पन्न







मत्स्य क्षेत्रको मानव संसाधन विकासका लागि संघीय तालिम केन्द्रको रुपमा रहेको मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र जनकपुरधामले माछा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै व्यवसायीकरण गर्ने राज्यको नीति तथा कार्यक्रमलाई प्रवर्द्धन गर्न र मत्स्यपालन क्षेत्रमा देखा परेका समस्याको समाधान तथा न्यूनिकरण गर्ने उद्धेश्यका साथ २०८२/०१/१५ देखि २०८२/०१/१७ गते सम्म झापाका विशेष गरी पंगास पालक कृषकलाई पंगास माछा पालन गर्दा भोग्नु परेका समस्याहरुको न्यूनिकरण गर्ने उद्धेश्य तथा कृषकको आवश्यकतालाई मध्यनजर गरी "मत्स्य रोग तथा पानीको गुणस्तर व्यवस्थापन सम्बन्धी ३ दिने कृषक स्तरीय घुम्ती स्थलगत तालिम" झापा जिल्लामा संचालन गरिएको थियो। उक्त तालिमको शिलशिलामा स्थलगत अवलोकन गर्दा पानीको गुणस्तर बिग्रिने र माछा पालनमा जाडो मौसममा विभिन्न संक्रामक रोगहरु देखा पर्ने लगायतका समस्याहरु रहेको पाइयो। स्थलगत रुपमा मत्स्यपालनमा देखिएका समस्या तथा आउन सक्ने समस्याहरुलाई मध्यनजर गरी सोही संग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक कक्षाहरु संचालन गरी तालिम समापन भएको थियो। तालिममा ४ जना महिला र २१ जना पुरुष गरी २५ जनाको सहभागिता रहेको थियो।

## कृषकस्तरीय व्यवसायिक मत्स्य पालन सम्बन्धी एक हप्ते तालिम सम्पन्न

गण्डकी प्रदेशको एक मात्र मत्स्य विकास केन्द्र, मिर्मि, स्याङ्जाबाट २०८२/०१/०५ देखि २०८२/०१/१० सम्म व्यवसायिक मत्स्यपालन कृषकस्तरीय एक हप्ते तालिम कावासोती नगरपालिका-१७, नवलपुरमा सम्पन्न भएको थियो। उक्त तालिममा नवलपुर जिल्लाका मत्स्यपालक कृषक तथा मत्स्य व्यवसायीहरु (९ महिला र १८ पुरुष गरी जम्मा २७ जना) को सहभागिता रहेको थियो।

तालिमलाई नतिजामूलक एवं व्यावहारिक बनाउनका लागि सैद्धान्तिक भन्दा प्रयोगात्मक कक्षा बढी संचालन गरिएको थियो। सो तालिममा माछापालनको लागि स्थल छनौट, पोखरी निर्माण तथा सामान्य रेखाङ्कन, पालन गर्न सकिने जातको बारेमा विस्तृत जानकारी, माछामा लाग्ने प्रमुख रोगहरुको पहिचान तथा नियन्त्रण विधि, माछा भुरा ढुवानी व्यवस्थापन, पोखरीमा माछाको भुरा स्टक अनुपात, मत्स्य पालनका तरिकाहरु र पानीको गुणस्तर सम्बन्धी लगायतका बिषयमा प्रशिक्षण दिइएको थियो। उक्त तालिममा प्रशिक्षकको रुपमा मत्स्य विकास अधिकृत, तथा मत्स्य प्राविधिकहरु संलग्न हुनुहुन्थ्यो। यस तालिम प्रश्चात व्यवसायिक मत्स्यपालन सम्बन्धी विषयमा प्राविधिक ज्ञान, सीप तथा क्षमताको अभिवृद्धि भई मत्स्य कृषकहरु बीच आधुनिक प्रविधिहरु प्रचार प्रसार हुनुका साथै व्यवसायिक रुपमा माछापालन विस्तार र विकास हुनेछ।









# मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरबाट संचालित मत्स्य विकास कार्यक्रमहरु

### १. मत्स्य घुम्ती शिविर

बकैया-०७, मकवानपुरमा कार्प जातका माछा पालक कृषकहरुको उपस्थितिमा २०८२/०२/२७ गते संचालन भएको मत्स्य घुम्ती शिविरमा ३८ जना कार्प पालक कृषकलाई कार्पपालन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानका विषयवस्तु जस्तै कार्प पालनको अवसर, समस्या एवं चुनौतीका साथै कृषकहरुको फार्म अवलोकन तथा अनुगमन गरी पोखरीमा पानीको गुणस्तर (तापक्रम, घुलित अक्सिजन, पि.एच., अमोनिया, नाईट्रेट, नाईट्राइट आदि) मापन गरिएको थियो। पानीको उचित गुणस्तर, माछामा लाग्ने विभिन्न रोग र तिनको नियन्त्रणको उपाय लगायतका विषयवस्तुका बारेमा सुझाब प्रदान गरिनुका साथै अन्त्यमा कृषकहरुलाई आवश्यक पर्ने विभिन्न रसायनहरु मिनरल मिक्स्चर (Qualamin–S), टक्स-फ्री र Addplankto वितरण गर्नुका साथै उक्त सामाग्रीहरुको प्रयोग गर्ने विधिबारे समेत संक्षिप्त व्याख्या गरी शिविर समापन भएको थियो।





### २.रिजरभ्वायरमा माछाको भुरा छोड्ने कार्यक्रम सम्पन्न

ईन्द्रसरोवर रिजरभ्वायरमा जलीय जैविक विविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने हेतुले मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरले विगतका वर्षहरुझै माछाको भुरा छोड्ने कार्यक्रमलाई निरन्तरता दिंदै आ.व. २०८१/०८२ को चौथो त्रैमासिकमा मिति २०८१/०१/२८ र २०८२/०२/०२ गते गरी स्थानीय जातका माछाको २ लाख ३० हजार भुरा छोडीएको थियो। यस आ.व. २०८१/०८२ मा हालसम्म ६ लाख ३० हजार माछाको भुरा छोड्ने कार्य सम्पन्न भएको छ।





# नेपाल सरकार र FAO नेपाल बीचको सहकार्यमा सञ्चालित परियोजना TCP/NEP/4004 "Support to Sustainable Pangasius Production and Upgraded Value Chain" अन्तर्गत संचालन भएका तालिमको संयुक्त विवरण








## १. पंगास माछाको प्रजनन् तथा भुरा/बीज उत्पादन सम्बन्धी

नेपाल सरकार र FAO को सहकार्यमा संचालित TCP/NEP/४००४ "Support to Sustainable Pangasius Production and Upgraded Value Chain परियोजना नेपाल सरकारको तर्फबाट केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले मुख्य भूमिकामा रही कार्य गर्दै आएको छ। नेपालमा मत्स्य मानव संसाधन विकासका तथा प्रविधि परीक्षणका लागि संघीय तालिम केन्द्रको रुपमा रहेको मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरधाममा पंगास माछाको प्रजनन् तथा भुरा उत्पादन सम्बन्धी अधिकृत स्तरीय तालिम मिति २०८२/०२/१५ देखि २०८२/०२/२१ गते र पंगास माछाको प्रजनन् तथा गुणस्तरीय बीज उत्पादन सम्बन्धी कृषक स्तरीय तालिम २०८२/०२/१६ देखि २०८२/०२/२२ गतेसम्म संचालन भएको थियो। उक्त तालिमको उद्घाटन् समारोहमा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रका प्रमुख सरिता गौतमको अध्यक्षतामा पशु सेवा विभागका महानिर्देशक डा. रामनन्दन तिवारी, प्रमुख अतिथि; FAO का Programme Operation Specialist अर्जुन थापा, अतिथि; वरिष्ठ मत्स्य विकास अधिकृत श्री सुमित्रा लौडारी र मत्स्य विज्ञहरु रमानन्द मिश्र, मत्स्य विज्ञ सुरेश कुमार वाग्ले लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो। तालिममा प्रशिक्षकको रुपमा पंगास माछाको प्रजनन् तथा भुरा उत्पादन विषयका अन्तराष्ट्रिय विज्ञ (International Consultant) Arun Kumar Rayapureddi र राष्ट्रिय मत्स्य विज्ञहरु (National Consultant) समेत रहनु भएको थियो ।

**तालिमको विवरण**

| क्र.सं. | तालिमको शिर्षक | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धी |
|---|---|---|
| १ | पंगास माछाको प्रजनन् तथा भुरा उत्पादन सम्बन्धी एक हप्ते अधिकृत स्तरीय तालिम | संघीय, प्रादेशिक, स्थानीय तह, अनुसन्धान तथा विश्वविद्यालयमा कार्यरत मत्स्य विकास अधिकृत, प्राविधिक अधिकृत र उप-प्राध्यापक गरी २१ जना लाई पंगास माछाको प्रजनन् तथा भुरा उत्पादन विषयमा क्षमता अभिवृद्धि भई पंगास माछाको नर्सिङ्ग कार्यमा सफल हुने। |
| २ | पंगास माछाको प्रजनन् तथा गुणस्तरीय वीज उत्पादन सम्बन्धी एक हप्ते कृषक स्तरीय तालिम | कोशीदेखि सुदूरपश्चिम प्रदेशसम्मका २० पंगास माछाका ह्याचरीकर्ता एवं कृषकहरुलाई पंगास माछाको प्रजनन् तथा गुणस्तरीय वीज उत्पादन सम्बन्धी क्षमता अभिवृद्धि भई पंगास माछाको भुरा उत्पादनमा बाच्नेदर बृद्धि हुने । |





## २. Cost–effective and High–quality Pangasius Feed Production and Entrepreneurship सम्बन्धी

नेपाल सरकार र FAO को सहकार्यमा संचालित TCP/NEP/४००४ "Support to Sustainable Pangasius Production and Upgraded Value Chain परियोजना नेपाल सरकारको तर्फबाट केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले मुख्य भूमिकामा रही कार्य गर्दै आएको छ। चितवनमा पंगास माछा पालनको सम्भावना बढ्दै गइरहेको र मत्स्य दाना उद्योगहरु पनि प्रचुर मात्रामा संचालनमा आइरहेको सन्दर्भमा Cost–effective and High–quality Pangasius Feed Production and Entrepreneurship विषयमा मिति २०८२/०३/०२ देखि २०८२/०३/०६ सम्म ५ दिने अधिकृत स्तरीय र सोही विषयमा २०८२/०३/०४ देखि २०८२/०३/०६ गते सम्म ३ दिने कृषक स्तरीय तालिम संचालन भएको थियो। तालिमको उद्घाटन समारोहको अध्यक्षता केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रका प्रमुख सरिता गौतमले गर्नु भएको थियो भने प्रमुख अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशका सचिव श्री बैकुण्ठ अधिकारी, विशेष अतिथिको रुपमा पशु सेवा विभागका उपमहानिर्देशक डा. सुलोचना श्रेष्ठ, अतिथको रुपमा FAO का Programme Operation Specialist अर्जुन थापा, मत्स्य विज्ञ रमानन्द मिश्र सहित अन्य कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो। त्यसैगरी तालिमको समापन समारोहको अध्यक्षता केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रका प्रमुख सरिता गौतमले गर्नु भएको थियो भने प्रमुख अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव श्री डा. दिपक कुमार खराल, बिशेष अतिथि पशु सेवा विभागका महानिर्देशक डा. रामनन्दन तिवारी, अतिथि FAO का Programme Operation Specialist अर्जुन थापा, मत्स्य विज्ञ रमानन्द मिश्र समेतको उपस्थिति रहेको थियो। उक्त तालिममा प्रशिक्षकको रुपमा पंगास दाना सम्बन्धी विषयका अन्तराष्ट्रिय विज्ञ(International Consultant) Umakanth Ravinuthala र राष्ट्रिय मत्स्य विज्ञहरु समेत रहनु भएको थियो।

**तालिमको विवरण**

| क्र.सं. | तालिमको शिर्षक | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धी |
|---|---|---|
| १ | Cost–effective and High–quality Pangasius Feed Production and Entrepreneurship विषयमा ५ दिने अधिकृत स्तरीय तालिम | संघीय,प्रादेशिक,स्थानीय तह,अनुसन्धान तथा विश्वविद्यालयमा कार्यरत मत्स्य विकास अधिकृत,प्राविधिक अधिकृत र उप-प्राध्यापक गरी १८ जना लाई पंगास माछालाई आवश्यक पर्ने दानाको कच्चा पदार्थ उपयुक्त मात्रा प्रयोग गर्नका लागि तयार गरिएको Software, Mobile App, Least Cost Feed formulation विधिहरु जस्ता विषयहरुमा जानकारी प्राप्त भएको। |
| २ | Cost–effective and High–quality Pangasius Feed Production and Entrepreneurship विषयमा ३ दिने कृषक स्तरीय तालिम | कोशीदेखि सुदूरपश्चिम प्रदेशसम्मका पंगास माछाका ह्याचरीकर्ता, किसान, मत्स्य दाना ब्यवसायी एवं उद्योगी प्रतिनिधि तथा ँ मा स्नातक मत्स्य विज्ञान विषय अध्ययनरत विद्यार्थी गरी २९ जनालाई पंगास माछालाई आवश्यक पर्ने दानाको कच्चा पदार्थ उपयुक्त मात्रा प्रयोग गर्नका लागि तयार गरिएको Software, Mobile App, Least Cost Feed formulation विधिहरु जस्ता विषयहरुमा जानकारी प्राप्त भएको। |



